सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

# फैसला

०७६-CI-०४८९

मुद्दा : अंश।

नुवाकोट जिल्ला साविक त्रिशुली नगर पञ्चायत ५ हाल विदुर नगरपालिका वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने दिलबहादुर के.सी.को छोरा प्रदिप के.सी.-------------------१
ऐ. की बुहारी ऐ. की श्रीमती ऐ.ऐ. बस्ने जयन्ती के.सी. -----------------१
ऐ. को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने प्रज्वल के.सी. -------------------१
ऐ. को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने प्रयास के.सी. --------------------१

पुनरावेदक
प्रतिवादी

विरूद्ध

बागलुङ्ग जिल्ला साविक मल्म गा.वि.स. वडा नं. १ हाल गल्कोट नगरपालिका वडा नं.९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने प्रसना के.सी. को संरक्षक भई आफ्नो हकमा समेत डम्बर बहादुर मल्लकी छोरी सलिना मल्ल ----------------१

प्रत्यर्थी
वादी

सुरू तहमा फैसला गर्ने :- मननीय न्यायाधीश श्री चन्द्रमणि ज्ञवाली
काठमाडौं जिल्ला अदालत
फैसला मितिः २०७४।१२।२९

पुनरावेदन तहमा फैसला गर्नेः मननीय न्यायाधीश श्री रमेशबहादुर थापा
माननीय न्यायाधीश श्री नातिबाबु लामिछाने
उच्च अदालत, पाटन
फैसला मितिः २०७५।१२।२४

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को देहाय (क) र (ख) को आधारमा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्राप्त भई पुनरावेदन सरह दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ:

**संक्षिप्त तथ्य**

१. म सलिना मल्लको विपक्षीमध्येका पति प्रदिप केसीसँग २०५८ सालमा प्रेम विवाह भई विवाहपश्चात म गर्भवती भएकोले २०६० सालमा परोपकार प्रसुति गृहमा छोरी प्रसना के.सी.को जन्म भएकोमा पतिले पहिले नै जयन्ती के.सी.सँग विवाह गरी निज जेठी पत्नीबाट २ छोरा र १ छोरी जन्म भएको कुरा पछि मात्रै थाहा भएको र दोस्रो विवाह भए पनि सौतासमेतसँग सुमधुर सम्बन्ध रही आएकोमा सौता जयन्ती के.सी. परिवारको सदस्य समेतले २०६२ सालदेखि म बसेको कोठामा आई कुटपिट गर्ने, मानसिक यातना दिने लगायतका कार्य गरेकोले मैले सो कुरा विपक्षी पतिलाई भन्दा मलाई अनेक लाल्छना लगाई पोइल जा भनी अनेक यातना दिई खान लाउन नदिई घरभाडा समेत नदिएकोले माइतीको सहयोगमा दैनिक जीवनयापन गरिरहेकोमा विपक्षीले हालसम्म खान लाउन नदिई वेवास्ता गरेकोले विपक्षीसँग अंश माग गर्दा नदिई घरबाट निकाला गरेकोले प्रतिवादीबाट वण्डा गर्नुपर्ने सगोलको सम्पत्तिको तायदाती फाँटवारी लिई निज पतिको छोरीको विवाह भई सकेकोले सम्पूर्ण भागबाट प्रसना के.सी.को विवाह खर्च छुट्याई बाँकी सम्पत्तिलाई ६ भाग लगाई २ भाग अंश छुट्याई पाऊँ भन्ने समेत सलिना मल्ल के.सी.को फिराद पत्र।

२. विपक्षीहरू मेरो स्वास्नी र छोरी नभएकोमा हुँदै नभएको तथ्य उल्लेख गरी लोग्ने र बाबु देखाई प्रस्तुत फिराद गरेका हुन्। मेरो साथमा श्रीमती जयन्ती, छोरा प्रज्वल के.सी. र प्रयास के.सी. छोरी पुजन के.सी. भएकोले मैले विपक्षीसँग दोस्रो विवाह गर्नुपर्ने अवस्था छैन। विपक्षीले बाँके जिल्ला, रझेना गा.वि.स.मा गराएको मिति २०६७।१२।१३ को विवाह दर्ता प्रमाणपत्रको लोग्नेमा मेरो नाम लेखी हुँदै नभएको विवाह भएको भनी जालसाजी तरिकाले गरेको विवाह दर्ता प्रमाणपत्रउपर जालसाजी मुद्दा दायर गर्ने छु। विपक्षीले परपुरूषसँग सम्बन्ध गरी गर्भ रहन गएकोमा आफ्नो प्रतिष्ठा राख्न मलाई लोग्ने देखाई दाबी गरेको फिराद खारेज

गरिपाँऊ भन्ने प्रतिवादी प्रदिप के.सी. को प्रतिउत्तर पत्र।

३. वादीहरू प्रतिवादी प्रदिप के.सी.को श्रीमती तथा छोरी होइनन्। वादीबाट पेस भएको विवाह दर्ता प्रमाणपत्र गा.वि.स.को सचिवसँग मिलोमतो गरी बनाई पेस गरेको मात्र हो। वादीसँग प्रतिवादीको कुनै नाता सम्बन्ध छैन भनी प्रतिवादीको वारेस जान्दवी ढुङ्गेलले अ.वं. ८० नं. बमोजिम नातामा गरेको बयान।

४. प्रतिवादी प्रदीप के.सी. सँग २०५८ सालको आषाढतिर बुटवल कालिका नगरस्थित नर्थ ईन्जिनियरिङ्गमा भेट भई निजको प्रेम प्रस्ताव स्वीकार गरी निजसँगै काठमाडौं आई नयाँबजार सोह्रखुट्टेमा २०५९ सालमा कोठा लिई श्रीमान श्रीमती भई सँगै बस्ने क्रममा मिति २०६०।०७।१३ गते छोरी प्रसना के.सी.को जन्म भएको र छोरी प्रसनाको जन्म भएको १० महिनापछि मात्रै उहाँको जेठी श्रीमती भएको भन्ने थाहा पाएको हुँ। वि.सं. २०६२ सालमा जेठी श्रीमती जयन्ती के.सी. र प्रदिप के.सी.समेतले मलाई कुटपिट गरी मानसिक यातना समेत दिएकाले मैले मुद्दा दिएको हुँ भनी वादी सलिना मल्ल के.सी.ले अ.वं. ८० नं. बमोजिम नातामा गरेको बयान।

५. मैले सलिना मल्ललाई २०५९ सालमा बुटवलमा सामान्य भेटघाटको क्रममा चिनेको हो। मैले २०४९ सालमा परिवार नियोजन गरिसकेको छु। २०६० सालमा बच्चा जन्मेको भनेको रहेछ। वादी सलिना मल्ल के.सी. र प्रसना के.सी.सँग मेरो कुनै नाता पर्दैन। वादी सलिना मल्लले फिरादसाथ पेस गरेको विवाह दर्ता र जन्मदर्ता कसरी भयो मलाई थाहा छैन। वादी सलिना मल्लले मबाट जन्मेको भनेको प्रसना के.सी. र मेरो DNA जाँच गराई पाऊँ। २०४९ सालमा परिवार नियोजन गरेको प्रमाण एक हप्तामा पेस गर्ने छु भनी प्रतिवादी प्रदिप के.सी.ले अ.वं. ८०नं. बमोजिम नातामा गरेको बयान।

६. PAROPAKAR MATERNITY & WOMEN'S HOSPITAL DEVELOPMENT BOARD ,THAPATHALI KATHMANDU बाट मिति २०६८।१२।०३ रजिष्ट्रेशन नम्बर ११९७२ उल्लेख गरेको BIRTH CERTIFICATE, बाँके जिल्ला, रझेना गा.वि.स.को दर्ता नं १८७ मिति २०६७।१२।१३ को प्रदिप के.सी. र सलिना मल्ल के.सी.कोबीच भएको विवाह दर्ताको प्रमाणित प्रतिलिपि प्रमाणपत्र र परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समितिको पत्रानुसार आमा सलिना

मल्ल र बाबु प्रदिप के.सी.बाट छोरीको जन्म भएको भन्ने CONFINEMENT BOOK को प्रमाणित प्रतिलिपि मिसिल संलग्न रहेको।

७. वादी सलिना मल्ल के.सी., प्रसना के.सी. र प्रतिवादी प्रदिप के.सी.बीच लोग्ने स्वास्नी तथा बाबु छोरी नाता पर्ने देखिन आई वादीले प्रतिवादीउपर खान लाउन नदिई हेला गरेको र अंश भाग माग गर्दा पनि नदिएकाले आफ्नो अंश भाग छुट्याई पाऊँ भनी दाबी गरेको र प्रतिवादीबाट अंशभाग पाउने अवस्था देखिएकोले मानो छुट्टिएको मितिको अभावमा फिराद परेको अघिल्लो दिनलाई वादी प्रतिवादीबीच मानो चुलो छुट्टिएको मिति कायम गरी उक्त मिति पूर्वको वादी प्रतिवादीको जिम्माको वण्डा गर्नुपर्ने चलअचल श्रीसम्पत्तिको तायदाती फाँटवारी वादी प्रतिवादीबाट पेस गर्न लगाई पेस भएको तायदाती फाँटवारी दुवै पक्षलाई परस्परमा सुनाई अचल सम्पत्तिको हकमा दर्ता श्रेस्ता समेत बुझी वादीबाट आफ्नो अंशभागमा पर्ने सम्पत्तिको नपुग कोर्ट फी लिई पेस गर्नु भन्ने बेहोराको शुरू जिल्ला अदालतबाट भएको आदेश।

८. मूल पुर्खा दिलबहादुर के.सी.का ३ छोराहरूमा जेठा राम शरण के.सी., माहिला नमराज के.सी. र कान्छा मेरो श्रीमान प्रदिप के.सी. भएकोमा निजहरूबीच अंशवण्डा पारित भई सकेको छ। प्रस्तुत मुद्दाका वादी सलिना मल्ल के.सी.सँग मेरो कुनै नाता पर्दैन। म,श्रीमान प्रदिप के.सी. छोराहरू प्रज्वल के.सी. र प्रयास के.सी. समेत जम्मा ४ जना अंशियार छौं। यी वादीहरूलाई हामीले अंश हक दिनु पर्ने होइन। मैले ४ भागको १ भाग आफ्नो अंश भाग पाउनु पर्ने हो भनी अ.व.१३९ नं. बमोजिम बुझिएका जयन्ती के.सी.ले सुरू अदालतमा गरेको बयान।

९. मूल पुर्खा दिल बहादुर के.सी.का ३ छोराहरूमा जेठा राम शरण के.सी., माहिला नमराज के.सी. र कान्छा मेरो बुवा प्रदिप के.सी. भएकोमा निजहरूबीच अंश वण्डा पारित भई सकेको छ। प्रस्तुत मुद्दाका वादी सलिना मल्ल के.सी.सँग मेरो कुनै नाता पर्दैन। म,आमा जयन्ती के.सी., दाई प्रज्वल के.सी. र बुबा प्रदिप के.सी. समेत जम्मा ४ जना अंशियार छौं। यी वादीहरूलाई हामीले अंश दिनु पर्ने होइन। मैले ४ भागको १ भाग आफ्नो अंश पाउनु पर्ने हो भनी अ.व.१३९नं. बमोजिम बुझिएका प्रयास के.सी.ले सुरू अदालतमा गरेको बयान।

१०. मूल पुर्खा दिल बहादुर के.सी.का ३ छोराहरूमा जेठा राम शरण के.सी., माहिला

नमराज के.सी. र कान्छा मेरो बुवा प्रदिप के.सी. भएकोमा निजहरूबीच अंशवण्डा पारित भई सकेको छ। प्रस्तुत मुद्दाका वादी सलिना मल्ल के.सी. सँग मेरो कुनै नाता पर्दैन। म.आमा जयन्ती के.सी., भाई प्रयास के.सी. र बुवा प्रदिप के.सी. समेत गरी जम्मा ४ जना अंशियार छौं। यी वादीहरूलाई हामीले अंश दिनु पर्ने होइन। चार अंशियार हुँदा मैले ४ भागको १ भाग आफ्नो अंश पाउनु पर्ने हो भनी अ.व.१३९नं. बमोजिम बुझिएका प्रज्वल के.सी.ले सुरू अदालतमा गरेको बयान।

११. यसै लगाउको ०७१-CP-१३९९ को मानाचामल मुद्दामा फिरादी सलिना मल्ल के.सी. र प्रतिवादी प्रदिप के.सी.काबीचको नाता सम्बन्धमा प्रतिवादी प्रदिप के.सी.ले इन्कार गरेकाले निजहरूबाट जन्मिएको भनिएकी नाबालक छोरी प्रसना के.सी. को निजका बाबुआमासँगको DNA परीक्षण गरी नाता यकिन गर्न वादी प्रतिवादी र नाबालकको रगतको नमुना अदालतकै कर्मचारीको रोहवरमा निकाली DNA परीक्षण गराउनू भन्ने बेहोराको सुरू जिल्ला अदालतको मिति २०७२।०४।१७ को आदेश।

१२. **"विवादित बच्ची प्रसना के.सी. (नमुना B को रक्तदाता), आमा सलिना मल्ल के.सी. (नमुना A को रक्तदाता) र दाबी गरिएको बाबु प्रदिप के.सी. (नमुना C को रक्तदाता) को डी.एन.ए. प्रोफाईल तुलना गर्दा आमा सलिना मल्ल के.सी. (नमुना A को रक्तदाता) बाट जन्मेको बच्ची प्रसना के.सी. (नमुना B को रक्तदाता) को जैविक बाबु प्रदिप के.सी. (नमुना C को रक्तदाता) होईन भन्ने पाईयो"** भन्ने बेहोराको राष्ट्रिय विधि-विज्ञान प्रयोगशालाको DNA परीक्षण प्रतिवेदन यसै लगाउको २०७१-CP-१३९९ को मानाचामल मुद्दामा मिसिल सामेल रहेको।

१३. यसै लगाउको ०७१-CP-१३९९ को मानाचामल मुद्दामा प्रतिवादी प्रदिप के.सी. र वादी प्रसना के.सी.बीचको DNA परीक्षण गर्न पठाउनु भनी शुरू जिल्ला अदालतको आदेश भएकोमा उक्त मानाचामल मुद्दामा परीक्षणको लागि पठाइएको DNA परीक्षण मैले गरेको हुँ। परीक्षणमा अपनाइएका प्रक्रियाहरू र प्रविधि प्रतिवेदनको पृष्ठ पानामा उल्लेखित छ। प्राप्त नतिजाहरू प्रतिवेदनसँग संलग्न तालिका १ मा उल्लेख गरिएको छ। जसअनुसार विवादित बच्ची प्रसना के.सी. र दावीत बाबु प्रदिप के.सी. बीच सातवटा DNA गुण भिन्नता पाइएकोले प्रसना के.सी.को जैविक बाबु प्रदिप के.सी. होइन भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका विशेषज्ञ दिनेश कुमार झाले

सुरू अदालतमा गरेको बकपत्र।

१४. वादी र प्रतिवादीबाट वादी मध्येकी प्रसना के.सी.को मिति २०६०।०७।१३ मा जन्म भएको भनी परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालबाट मिति २०६८।१२।०३ मा जारी प्रसना के.सी.को जन्मदर्ता प्रमाण पत्रबाट देखिन आई नेपाल सरकारको अधिकार प्राप्त अधिकारीको निंकायबाट जारी भएको सो प्रमाण पत्रहरूको कानूनी वैधतालाई प्रतिवादीले चुनौती दिई हालसम्म बदर गराउन सकेको देखिन नआउँदा उक्त प्रमाणहरूको आधारमा वादी सलिना मल्ल के.सी. र प्रदिप के.सी.बीच लोग्ने स्वास्नी र वादी प्रसना के.सी. र प्रतिवादी प्रदिप के.सी.बीच बाबु छोरी नाता कायम हुन आई वादीहरूले प्रतिवादीबाट कानूनबमोजिम आफ्नो अंश हक छुट्याई लिन पाउँने नै हुँदा पेस हुन आएको तायदाती फाँटवारीमा उल्लेखित ऋणहरूको हकमा साहुको नालिस परे ठहरेबमोजिम हुने नै हुँदा सोबाहेक पेस भएको कि.नं. १०३ को घरजग्गा सम्पत्ति सगोलको भई अंशियारबीच वण्डा लाग्ने देखिँदा तायदातीमा उल्लेखित दर्ता श्रेस्ता मिले भिडेको सम्पत्तिलाई कूल ६ अंशियार हुँदा ६ भाग लगाई सो को २ भाग अंश वादीहरूले प्रतिवादीबाट छुट्याई लिन पाउने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतबाट भएको फैसला।

१५. वादी प्रसना के.सी.को प्रसुति गृहको रेकर्ड फाईलमा आमा सलिना मल्ल र बाबु प्रदिप मल्ल भनी लेखिएको कुरालाई सच्चाईएको छ। नाताकायम गरी जन्मदर्ताको कागज दिने अधिकार प्रसुति गृहलाई नभएकोमा क्षेत्राधिकार नै नभएको प्रसुति गृहले बनाएको गैरकानूनी कागज र गैरकानूनी रूपमा बनाइएको विवाह दर्ताको प्रमाणपत्रलाई प्रमाणको रूपमा ग्रहण गरी मेरो नाता सम्बन्ध नभएकी वादी सलिना मल्लसँग नाता कायम गरी तथा मेरो नाता सम्वन्ध नभएकी प्रसना के.सी.सँग डि.एन.ए. नमिलेको अवस्थामा नाता कायम गरी अंश दिलाउने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरिपाऊँ भन्ने पुनरावेदक प्रतिवादीहरू प्रदिप के.सी. र जयन्ती के.सी.समेतको पृथकपृथक बेहोराको उच्च अदालत पाटनमा दायर गरेको पुनरावेदनपत्र।

१६. जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन, २०३३ को दफा ४ख को कानूनी व्याख्या एवं विवाह दर्ता प्रमाणपत्रमा वादी प्रतिवादीका नागरिकता नम्बर र उमेर फरक परेको सन्दर्भमा विवेचना नगरी भएको शुरू फैसला विचारणीय भई

इन्साफ फरक पर्न सक्ने देखिंदा मुलुकी एन, अ.वं.२०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ र ११२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भनी मिति २०७५।१०।११ मा उच्च अदालत पाटनबाट भएको आदेश।

१७. प्रतिवादी प्रदिप के.सी.ले आफूले वि.सं.२०४९मा नै परिवार नियोजन (भ्यासेक्टोमी) गरेकोले आफूबाट सन्तान नहुने भनी जिकिर लिए तापनि उक्त कुरालाई पुष्टि गर्ने कुनै आधार र कारण पेस गर्न नसेकेको, प्रतिवादी प्रदिप के.सी.र छोरी प्रसना के.सी.बीच डि.एन.ए. परीक्षण हुँदा डिएनए नमिले तापनि डिएनए परीक्षण हुनु पूर्व नै मिति २०६०।०७।१३ मा वादी प्रसनाको परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भई अस्पतालबाट प्रदान गरेको जन्मदर्ताको प्रमाण पत्रमा बाबुको नाम प्रदिप के.सी. उल्लेख हुनुका साथै वादी प्रसनाको जन्म पूर्व नै मिति २०५८।०८।२२ मा सलिना मल्ल र प्रदिप के.सी. बीच विवाह भएको भनी मिति २०६७।१२।१३ मा रझेना गा.वि.स.ले विवाह दर्ता गरी विवाह दर्ता प्रमाण पत्र समेत प्रदान गरेको र उक्त प्रमाणपत्रहरू हालसम्म वादीले वदर नगराएको समेत आधार तथा कारणबाट यी वादी प्रतिवादीबीच वैवाहिक सम्बन्ध कायम भएको र यी वादीहरू र प्रतिवादीकाबीच लोग्ने स्वास्नी र छोरी नाता कायम हुने ठहराई वादी प्रतिवादी समेत ६ अंशियार कायम गरी तायदातीमा उल्लेखित सम्पत्तिबाट यी वादीहरूले ६ भागको २ भाग अर्थात १-१ भाग अंश समेत पाउने गरी शुरू अदालतले मिति २०७४।१२।२९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने तथा पुनरावेदक प्रतिवादी समेतको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत बेहोराको उच्च अदालत पाटनको मिति २०७५।१२।२४ को फैसला।

१८. प्रतिवादी प्रदिप के.सी.ले सुरू जिल्ला अदालत तथा उच्च अदालत पाटनले कानूनी प्रक्रिया (DUE PROCESS) मिची बनाइएको विवाह दर्ताको कागजलाई समेत मान्यता दिएको, विवाह दर्ता गर्दा पति तथा पत्नी दुबैको अनिवार्य हस्ताक्षर हुनु पर्ने कानूनी प्रक्रिया पूरा नगरी विवाह दर्ता गरेको, उक्त विवाह दर्तामा मेरो कुनै संलग्नता नरहेको, मेरो हस्ताक्षर तथा सहीछाप नभएको, उक्त विवाह दर्तामा केटा (प्रदिप के.सी.) को उमेर ३९ वर्ष लेखिएको छ तर नागरिकता अनुसार मिति २०६७।१२।१३ मा म प्रदिप के.सी. को उमेर ४८ वर्ष हुनु पर्ने, निज सलिना

मल्लले काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा दर्ता गर्दा प्रमाणको रूपमा पेस गरेको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपिमा निज सलिना मल्लको उमेर १८ वर्ष लेखिएको छ भने काठमाडौं जिल्ला अदालतबाट पत्राचार गरी झिकाइएको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपिमा निज सलिना मल्लको उमेर १६ वर्ष लेखिएको छ। विवाह दर्ता गर्दा नागरिकता नं. ३४०६ तथा अदालतमा अंश मुद्दा दर्ता गर्दा नागरिकता नं. ३३६६ भनी फरक नागरिकता नं.उल्लेख गरेको, विवाह दर्ता गर्दासमेत मेरो जन्मघर नुवाकोट भएको तथा हाल काठमाडौं बस्दै आएकोले सोहीस्थानबाट विवाहदर्ता हुनुपर्नेमा बेइलाका भए पनि बेइलाकाबाट गरिएको बाँके जिल्ला कोहलपुर, नगरपालिकाबाट नक्कली विवाह दर्ता प्रमाण निकालेको, अस्तित्व नभएको शून्य अवस्थाको कागजलाई बदर गराउन उजुरबाजुर गर्नै नपर्ने तथा विपक्षीलाई देखाउन सुनाउन नपर्ने भनी विभिन्न मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतबाट नजिरसमेत प्रतिपादन भएको छ। मैले विपक्षी प्रसना के.सी. र म प्रदिप के.सी. बीच बाबु छोरीको नाता सम्बन्ध छैन भनी प्रतिउत्तरपत्र तथा बयानमा समेत जिकिर लिएको र DNA समेत परीक्षण हुँदा वादी मध्येकी प्रसना के.सी. प्रतिबादी प्रदिप के.सी. को जैविक छोरी नभएको भन्ने उक्त विधिविज्ञान प्रयोगशालाबाट भएको DNA परीक्षणको रिपोर्टमा उल्लेख भएको तथा ने.का.प. २०७१ निर्णय नं. ९२९४ मा सम्मानित सर्वोच्च अदालतबाट मातृत्व र पितृत्वको निर्धारणको लागी DNA को परीक्षण भरपर्दो आधार बन्न सक्ने कुरामा दुई मत नहुने" भनी नजिर प्रतिपादन भएको अवस्थामा सुरू अदालतबाट उक्त नजिरलाई वेवास्ता गरी गरेको फैसला त्रुटिपूर्ण रहेको, वादी र प्रतिवादीबाट वादीमध्यकी प्रसना के.सी.को जन्म २०६०।०७।१३ मा भएको भनी परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालबाट मिति २०६८।१२।३ मा जारी प्रसना के.सी. को जन्म दर्ता प्रमाणपत्रबाट देखिन आई उक्त प्रमाणपत्रहरू नेपाल सरकारको अधिकारप्राप्त अधिकारीको निकायबाट जारी भई सो प्रमाणपत्रहरूको कानूनी वैधतालाई प्रतिवादीले चुनौती दिई हालसम्म बदर गराउन सकेको समेत देखिन नआएको भनी सुरू तथा पुनरावेदनको फैसला गर्दा हचुवा आधार लिइएको छ भने कुनै पनि अस्पताललाई बच्चाको जन्मदर्ता गर्ने अधिकार नभएको, उक्त हस्पिटलको कागजमा मेरो सही नभएको, प्रसुति गृहको रेकर्ड फाईलमा आमा सलिना मल्ल र बाबु प्रदिप मल्ल भनी प्रष्ट लेखिएको देखिँदा

वादीले कीर्ते गरी उक्त ठाँउको कागज सच्चाएको समेत प्रष्ट रहेको देखिँदा गैरकानूनी रूपमा बनाइएको विवाह दर्ताको प्रमाणपत्रलाई प्रमाणको रूपमा ग्रहण गरी मेरो नाता सम्बन्ध नभएकी वादी सलिना मल्लसँग नाता कायम गरी तथा मेरो नाता सम्बन्ध नभएकी प्रसना के.सी सँग डि.एन.ए नमिलेको अवस्थामा समेत नाताकायम गरी अंश दिलाउने फैसला बिलकूल त्रुटिपूर्ण रहेकाले उल्टी गरी सुरू प्रतिउत्तर तथा पुनरावदेन जिकिरबमोजम गरिपाऊँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी प्रदिप के.सी.ले यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी दिएको निवेदन।

१९. यसमा वादी मध्येकी प्रसना के.सी. प्रतिवादी प्रदिप के.सी.को जैविक छोरी नभएको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारको DNA परीक्षण प्रतिवेदन रहेको र प्रतिवादी प्रदिप के.सी. र वादी सलिना मल्लबीचको विवाह दर्ता प्रमाणपत्र तथा वादी प्रसना के.सी.को जन्मदर्ताको कागजको वैधानिकतामा प्रश्न उठेको अवस्थामा वादी र प्रतिवादीबीच लोग्ने स्वास्नी र छोरी नाता कायम गरी वादीहरूले अंशसमेत पाउने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१२।२४ मा भएको फैसला मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६८ तथा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को कानूनी व्यवस्था तथा ने.का.प. २०७१ अंक ११ नि.नं. ९२९४ पृष्ठ २००२ मा प्रतिपादित सिद्धान्त समेतको सन्दर्भमा प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७६।०९।०७ को आदेश।

२०. यसमा बाबु, आमा र बच्चाको DNA परीक्षण हुँदा प्रत्यर्थी वादी सलिना मल्लको कोखबाट जन्मिएकी प्रसना के.सी.को जैविक बाबु प्रदिप के.सी. होइन भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट मिति २०७२।०६।२४ मा पठाएको प्रतिवेदनबाट देखियो। मुद्दाको सुनुवाइको क्रममा वादी सलिना मल्लको भनाइलाई विचार गर्दा निजहरू बाबु, आमा र बच्चाको पुनः डि. एन. ए. परीक्षण गर्न उपयुक्त हुने देखिन आएकाले परीक्षण गर्न लाग्ने दस्तुर वादीबाट दाखिल गराई वादी प्रतिवादीहरू सबैको रोहबरमा नमुना सङ्कलन गरी कम्तिमा ३ (तीन) जनाको बोर्डबाट डि. एन. ए. परीक्षण गरी पठाई दिनू भनी राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा लेखी पठाई

परीक्षण भई आएपछि लगाउको मुद्दा नं. ०७६-CI-०४९० को माना चामल मुद्दासमेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७९।१२।२९ गतेको आदेश।

२१. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारले सर्वोच्च अदालतको आदेशानुसार गठित विशेषज्ञ बोर्डबाट परीक्षणको लागि प्राप्त सामग्रीहरू यस प्रयोगशालामा डिएनए परीक्षण विशेषज्ञ जीवन प्रसाद रिजाल, प्रहरी नायव उपरीक्षक रविन भण्डारी तथा वरिष्ठ वैज्ञानिक अधिकृत निराजन थापा क्षेत्री सम्मिलित विशेषज्ञ बोर्डबाट डिएनए परीक्षण गरिएको र **"विवादित बच्चा प्रसना के.सी., आमा सलिना मल्ल र दाबी गरिएका बाबु प्रदिप के.सी. को डिएनए प्रोफाइल तुलना गर्दा आमा सलिना मल्लबाट जन्म भएको बच्चा प्रसना के.सी. को जैविक बाबु प्रदिप के.सी. होइन भन्ने पाइयो"** भन्ने बेहोराको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन।

<u>ठहर खण्ड</u>

२२. नियम बमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरियो।

२३. प्रस्तुत मुद्दामा विवादको मूल विषय हेर्दा वादी सलिना मल्लको विपक्षी पति प्रदिप के.सी.सँग २०५८ सालमा प्रेम विवाह भई २०६० सालमा छोरी प्रसना के.सी.को जन्म भएको तथा छोरीको जन्म भएपछि निज विपक्षी पतिको पहिले नै जयन्ती के.सी.सँग विवाह भएको र निजबाट २ छोरा र १ छोरीको जन्मसमेत भएको भन्ने पछि थाहा भएको, केही समय विपक्षी पतिले सौतासँगै राखेको र हाम्रो सम्बन्ध पनि राम्रै रहेकोमा केही समयपछि विपक्षी पतिले हेलाहोचो गर्ने, कुटपिट र मानसिक यातना दिने तथा खान लाउन समेत नदिई घरबाट निकाला गरेकाले सम्पूर्ण सम्पत्तिलाई ६ भाग लगाई ६ भागको २ भाग अंश पाऊँ भन्ने सलिना मल्लको फिराद परेको देखिन्छ। सुरू जिल्ला अदालतबाट वादी सलिना मल्ल के.सी. र प्रदिप के.सी.बीच लोग्ने स्वास्नी र वादी प्रसना के.सी. र प्रतिवादी प्रदिप के.सी.बीच बाबु छोरी नाता कायम हुन आई वादीहरूले प्रतिवादीबाट कानूनबमोजिम आफ्नो अंश हक छुट्याई लिन पाउँने नै हुँदा फिराद दाबीबमोजिमको सम्पत्तिलाई ६ भाग लगाई ६ भागमध्ये २ भाग अंश पाउने ठहर्‍याई भएको फैसलाउपर प्रतिवादी प्रदिप के.सी. समेतको पुनरावदेन पर्दा उच्च अदालत पाटनबाट सुरू फैसला सदर

गरेकोमा सो फैसला प्रमाणको मूल्याङ्कन नगरी गरेकाले बदर भागी भएकाले मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी यस अदालतमा निवेदन दिएकोमा निवेदकले अनुमति प्राप्त गरी पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा दर्ता भएको देखियो।

२४. आज सुनुवाइको क्रममा पुनरावेदक प्रतिवादी प्रदिप के.सी. समेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठ र विद्वान अधिवक्ताहरू श्री दुर्गाप्रसाद खनाल, श्री प्रकाश पन्थी, श्री मदनबहादुर कार्की र श्री नेत्रप्रसाद आचार्यले प्रतिवादीले नातामा इन्कार गरेको, विवाह दर्ता गर्दा अनुसूचीमा सहीछाप गरेको छैन जुन व्यक्तिगत घटनादर्ता ऐनअनुसार अनिवार्यरूपमा बर र बधुको सहीछाप हुनु पर्ने व्यवस्था रहेको छ। विवाह दर्ता गर्दा वादीले आफ्नो उमेर १६ वर्ष उल्लेख गरेको जुन उमेरमा विवाह दर्ता नै हुन सक्दैन। प्रसुति गृहमा बच्चा जन्माउन भर्ना गराउँदा प्रतिवादीको कुनै सहीछाप भएको छैन, प्रतिवादीको जन्मस्थान नुवाकोट भएको र हाल काठमाडौंमा बसोबास गरेको भए पनि विपक्षी वादीले विवाह दर्ता गर्दा समेत बेइलाका बाँके, रझेनाबाट गरेको, प्रतिवादीले सुरू जिल्ला अदालतमा विपक्षी वादीकी छोरी मेरो जैविक सन्तान हैन DNA परीक्षण गरिपाऊँ भनी बयान गरेको तथा अदालतको आदेशानुसार DNA परीक्षण गर्दा प्रसना के.सी.सँग DNA नमिलेको (म्याच नभएको) अवस्था हुँदाहुँदै वादी र प्रतिवादीबीच नाताकायम गरी अंशसमेत पाउने गरी सुरू अदालतबाट भएको फैसला तथा सोही फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित DNA सम्बन्धी प्रतिपादित सिद्धान्तलाई समेत बेवास्ता गर्दै गरेको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर गरी प्रतिवादीको सुरू प्रतिउत्तर तथा पुनरावेदन जिकिरबमोजिम गरिपाऊँ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

२५. प्रत्यर्थी वादी सलिना मल्लसमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री पदम रोक्का, डा. श्री शिवकुमार यादव र श्री प्रतिमा रोकाले विपक्षी प्रतिवादीले परिवार नियोजन गरेको भनी नातामा बयान गरे तापनि परिवार नियोजन गरेको प्रमाण यद्यपि पेस नगरेको, प्रतिवादी आफैंले नुवाकोट जिल्लाको सामरी गा.वि.स.मा छोरीको जन्म दर्ता गराएको, विवाह दर्ता जुनसुकै एकठाँउबाट गर्न सकिने व्यवस्था रहेकोले जहाँबाट पनि गर्न सकिने, प्रतिवादीले प्रसुति गृहको जन्मप्रमाण पत्र र रझेनाको विवाहदर्ता बदर नगरी स्वीकार गरी बसेको, प्रसना अध्ययन गर्ने विद्यालय/कलेजमा

बाबुको नाउँमा प्रतिवादीको नाउँ उल्लेख रहेको र शैक्षिक प्रमाणपत्रमा प्रदिप के.सी. बाबु भनी प्रमाणपत्र दिएको, प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम DNA आफैंमा निर्णायक प्रमाण होइन, DNA ९९.९% स्वीकारयोग्य (ACCURACY) भए पनि ०.१% अपवाद हुन सक्ने अवस्था पनि रहन सक्ने, DNA परीक्षणबाट जैविक सन्तानको निर्धारण गर्दै जाने हो भने पारिवारिक र सामाजिक संरचनासमेतमा गम्भीर असर पर्ने सक्ने भएकाले DNA परीक्षणलाई सधैंभरि स्वीकार गर्न सक्ने अवस्था नहुने भनी सर्वोच्च अदालतबाट विभिन्न कानूनी सिद्धान्तहरूसमेत प्रतिपादित भएको तथा सन्तानको हकमा आमाको भनाईलाई अन्यथा प्रमाणित भएबाहेक सबैले स्वीकार गर्नु पर्ने भएकाले वादीहरूको प्रतिवादीसँग नातासम्बन्ध कायम भएको सुरू तथा उच्च अदालतको फैसला सदर गरिपाऊँ भनी गर्नु भएको बहस जिकिर सुनियो।

२६. उपर्युक्तबमोजिमको तथ्य एवम् पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा दुबै पक्षका विद्वान कानून व्यवसायीहरूबाट प्रस्तुत हुन आएका बहस बुँदाहरू र मिसिल संलग्न प्रमाणकागजहरू अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरू निरूपण गर्नु पर्ने देखियोः

क. वादी र प्रतिवादीबीच नाता सम्बन्ध कायम हुन सक्छ वा सक्दैन?

ख. वादी र प्रतिवादीबीच लोग्ने स्वास्नीको नाता कायम गरी वादीले अंश पाउने ठहऱ्याएको उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन?

ग. पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

२७. निर्णयतर्फ विचार गर्दा, वादी सलिना मल्लले प्रतिवादी प्रदिप के.सी. आफ्ना पति भएको र छोरी प्रसना के.सी.को बाबु नाताका भएकाले नाता कायम गरी अंशसमेत माग दाबी गरेकोमा प्रतिवादीले प्रतिउत्तर जिकिरमा वादीलाई चिनेको सम्म हो, निजलाई विवाह गरेको छैन, साथै निज सलिना मल्लबाट जन्मिएकी प्रसना के.सी. मेरी छोरी नाताको होइन भनी नातामा इन्कार गरेको तथा प्रसना के.सी. मेरो सन्तान नभएकोले DNA परीक्षण गरिपाऊँ भनी माग गरेको देखिन्छ। प्रतिवादी मध्येकी बुझिएकी जयन्ती के.सी.ले प्रदिप के.सी.सँग विवाह भई २ जना छोरा र १ जना छोरीं समेत रहेकोले प्रतिवादी प्रदिप के.सी.को वादीसँग नाता सम्बन्ध पर्ने होइन र अंशसमेत दिनु पर्ने होइन भनी सुरू अदालतमा बयान गरेको देखियो।

२८. यसरी वादी र प्रतिवादीहरूकाबीच नातामा नै विवाद देखिई सुख नमिलेको र प्रस्तुत मुद्दा र लगाउको मानाचामल मुद्दामा समेत प्रतिवादीहरूले DNA परीक्षणको माग गरेको कारण सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।०४।१७ मा भएको आदेशानुसार राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट परीक्षण भई च.नं. ३३७ मिति २०७२।०६।२४ मा काठमाडौं जिल्ला अदालतमा परीक्षण प्रतिवेदन पठाएको र प्राप्त प्रतिवेदनमा **"विवादित बच्ची प्रसना के.सी. (नमुना B को रक्तदाता), आमा सलिना मल्ल के.सी. (नमुना A को रक्तदाता) र दाबी गरिएको बाबु प्रदिप के.सी. (नमुना C को रक्तदाता) को डी.एन.ए. प्रोफाईल तुलना गर्दा आमा सलिना मल्ल के.सी. (नमुना A को रक्तदाता) बाट जन्मेको बच्ची प्रसना के.सी. (नमुना B को रक्तदाता) को जैविक बाबु प्रदिप के.सी. (नमुना C को रक्तदाता) होईन"** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यस अदालतमा उपस्थित भई प्रत्यर्थी वादी सलिना मल्लले पुनः DNA परीक्षणको माग गरेको कारण यस अदालतको मिति २०७९।१२।२९ मा कम्तिमा ३ जना विशेषज्ञको बोर्डबाट DNA परीक्षण गराउन आदेश भएअनुसार राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा ३ जनाको विशेषज्ञ बोर्डबाट परीक्षण भएको वादीहरू र प्रतिवादी प्रदिप के.सी.को DNA परीक्षण भई मिति २०८०।०२।२१ मा यस अदालतमा प्राप्त प्रतिवेदनमा **"विवादित बच्चा प्रसना के.सी., आमा सलिना मल्ल र दाबी गरिएका बाबु प्रदिप के.सी. को डिएनए प्रोफाइल तुलना गर्दा आमा सलिना मल्लबाट जन्म भएको बच्चा प्रसना के.सी. को जैविक बाबु प्रदिप के.सी. होइन, विवादित बच्चा प्रसना के.सी. र दाबी गरिएका बाबु बाबु प्रदिप के.सी.बीच ११ वटा DNA गुण भिन्नता पाइएको"** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसरी सुरू जिल्ला अदालतको आदेशानुसार भएको पहिलो DNA परीक्षण प्रतिवेदन र यस अदालतको आदेशबमोजिम प्रतिवादी प्रदिप के.सी. र वादीहरू सलिना मल्ल र प्रसना के.सी. को तीन जना विशेषज्ञहरूको बोर्डबाट गरिएको DNA परीक्षणबाट समेत गुणहरू नमिलेको भन्ने परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ।

२९. सुरू काठमाडौं जिल्ला अदालतमा प्रतिवादी तथा वादीको डिएनए परीक्षण गर्ने विशेषज्ञले बकपत्र गर्दा **"विवादित बच्चा प्रसना के.सी. र दावित बाबु प्रदिप के.सी.बीच सात वटा DNA गुण भिन्नता पाइएकाले प्रश्ना के.सी.को जैविक बाबु प्रदिप**

के.सी. होइन भनी राय व्यक्त गरिएको र प्रचलन अनुसार बच्चा र व्यक्तिबीच कम्तीमा ३ वटा वा सोभन्दा बढी DNA गुण भिन्नता भए त्यस्तो व्यक्तिलाई बातिल (EXCLUDE) गरिने अन्तर्राष्ट्रिय सिद्धान्त रहेको" भनी बेहोरा लेखाएको पाइयो।

३०. वादी सलिना मल्ल र प्रदिवादी प्रदिप के.सी.को बाँके जिल्लाको रझेना गा.वि.स. को च.नं.१८७ मिति २०६७।१२।१३ मा गराइएको विवाह दर्ता प्रमाणपत्रमा वादी सलिना मल्लको हजुरबुबा मनवीर मल्ल, बुबा डम्बर ब. मल्ल भन्ने दिल ब. मल्ल भनी उल्लेख गरेको देखिन्छ भने विवाह भएको मिति २०६८।०८।२३ र दुलाहाको नागरिकता प्रमाणपत्र नं. ३४०६ नुवाकोट र दुलहीको ना.प्र.नं. २०८६६, बाग्लुङ उल्लेख गरेको र वादीको जन्मस्थान बाग्लुङ जिल्ला, मल्म गा.वि.स. उल्लेख गरेको र विवाह हुँदा वादीको उमेर १८ वर्ष रहेको देखियो। सोही विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि माग गरेको सन्दर्भमा बाँके जिल्लाको कोहोलपुर नगरपालिकाको च.नं. १८७ मिति २०६७।१२।१३ मा वादीको हजुरबुबा मनबहादुर मल्ल, बाबु दिल बहादुर मल्ल उल्लेख गरेको, जन्म बाग्लुङ जिल्ला, मन्मा गा.वि.स. भनी उल्लेख गरेको, विवाह दर्ताको प्रमाणपत्रमा दुलाहाको ना.नं.३३६६ र दुलहीको २०८६६, बाग्लुङ उल्लेख गरेको र वादीको विवाह गर्दाको उमेर १६ वर्ष उल्लेख गरिएको तथा प्रतिलिपि निकालेको मिति भने उल्लेख भएको देखिएन। यसरी एउटै विवाह दर्ता प्रमाणपत्र तथा सोही विवाह दर्ताको प्रतिलिपिमा वादीको हजुरबुबाको नाम, जन्म स्थान, विवाह मिति र उमेरसमेत फरकफरक उल्लेख गरेको, प्रतिवादी प्रदिप के.सी.को नागरिकता नं. समेत फरक उल्लेख गरेको देखियो। यी माथिका तथ्यहरूबाट वादीले विवाह गर्दाका विवरणहरू यकिन गरी दिन सकेको अवस्था देखिएन। वादीले प्रतिवादीको विवरण दिंदा जानकारीको अभाव भई केही फरक पर्न सक्ने सम्म हुने कुरालाई स्वीकार गर्न सकिए पनि वादीले विवरण दिंदा आफ्ना हजुरबुबा, बुबा, जन्मस्थान, विवाह मिति तथा उमेर लगायतका विवरणहरू भने यथार्थपरक हुनु अति नै आवश्यक हुन्छ। प्रतिवादी प्रदिप के.सी.को जन्म स्थान नुवाकोट रहेको तथा हाल काठमाडौंमा बसोबास रहेको अवस्थामा प्रतिवादी सलिना मल्लले बाँकेको रझेना गा.वि.समा विवाह दर्ता गराउनु पर्नाको कारणसमेत स्पष्ट खुलाउन सकेको अवस्था देखिँदैन।

३१. स्थानीय निकायमा विवाह दर्ता गर्दा दुलाहा दुलही दुवैजना अनिवार्य रूपमा

उपस्थित भई सूचना फारम भर्नु पर्ने साविक जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ (ख) मा व्यवस्था गरिएको देखिन्छ। सो कानूनी व्यवस्थाअनुसार मिसिल संलग्न सूचना फाराममा दुलही सलिना मल्लको मात्र हस्ताक्षर तथा सहीछाप रहेको तथा दुलाहको महलमा प्रतिवादी प्रदिप के.सी.को सहीछाप भएको देखिएन। ऐ.ऐनको दफा ५ (१) मा **"दफा ४ बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय पन्जिकाधिकारीले देहायबमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्ने छः-(क) सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठीक छ छैन जाँची ठीक नभए ठीक गर्न लगाई र (ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भनेबमोजिम आफैले भरी या भर्न लगाई निजको ल्याप्चे सहीछाप गराई तथा सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठीक छ छैन जाँची ठीक नभए ठीक गर्न लगाई अर्थात सबै सूचना दुरूस्त गरेर मात्र स्थानीय पन्जिकाधिकारीले घटना सम्बन्धी दर्ता किताबमा विवाह दर्ता गर्नु पर्ने कानूनी व्यवस्था रहेको देखिन्छ।** यसरी दुवै पक्षको उपस्थितिमा विवरणहरू रूजु गरी दर्ता किताबमा विवाह दर्ता गरी विवाह दर्ताको प्रमाणपत्र दिनु पर्ने कानूनी व्यवस्था देखिँदादेखिँदै सो प्रक्रियागत व्यवस्थालाई ध्यान नदिई विवरण नै फरक पारी विवाह दर्ता प्रमाणपत्र प्रदान गरेको देखियो। आफू बसोबास गरेको स्थानभन्दा फरक स्थान वा वेइलाकाबाट वादी र प्रतिवादीको विवाह दर्ता भएको, प्रतिवादीले समेत उक्त स्थानमा आफ्नो उपस्थितिबिना प्रमाणपत्र जारी भएको जिकिर लिएको र मिसिल संलग्न विवाह दर्ता किताबको प्रतिलिपि समेतलाई मध्यनजर गर्दा उक्त विवाह दर्ता हुँदा दुलही मात्र उपस्थित भएको र दुलहा पक्ष उपस्थित नभई प्रमाणपत्र प्राप्त गरेको अवस्थालाई नियमित तथा कानूनी प्रक्रिया पूरा गरेर विवाह दर्ता गरेको हो भनी विश्वास गर्ने आधार देखिएन। विवाह दर्ता नै विरोधाभाषपूर्ण देखियो। विरोधाभाषपूर्ण कागजातलाई प्रमाणग्राह्य मानी त्यस्तो प्रमाणको आधारमा वादी प्रतिवादीहरूबीच भएको विवाह यथार्थ हो भनी मान्न सक्ने विश्वासिलो आधार समेत देखिएन।

३२. वादी सलिना मल्लले आफ्नो विवाह भएको भनिएको मिति २०५८।०८।२२ भन्दा करिब ४ वर्षपछि वि.सं. २०६२।०७।०२ गते बाग्लुङ जिल्लाबाट नागरिकता प्रमाणपत्र लिएको देखिन्छ। उक्त नागरिकतामा वैवाहिक स्थिति विवाहित जनाई

पतिको नाम उल्लेख भएको समेत पाइँदैन। सामान्यतया विवाहित महिलाले पतिको स्थायी वतन तर्फबाट नागरिकता लिनु पर्ने तथा पतिले नागरिकता सनाखत गर्न नमानेमा आफ्नो हकअधिकार लिन कानूनी बाटोसमेत रोज्न सक्ने देखिँदा देखिँदै सो नगरी माइतीतर्फबाट नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ। साथै वादी सलिना मल्लले पतिको स्थायी वतन तर्फबाट किन नागरिकता नलिएको हो वा लिन नसकेको हो सोको चित्तबुझ्दो आधार र कारण फिरादपत्रमा प्रस्तुत गर्न सकेको देखिदैन। सोही नागरिकताको आधारमा निज वादीले मिति २०६७।१२।१३ मा प्रतिवादी प्रदिप के.सी.सँग विवाह दर्ता गरेको र विवाह भएको मिति २०५८।०८।२२ रहेको र उक्त समयमा वादीको उमेर १६ वर्ष मात्र पुगेको भनी विवाह दर्ता प्रमाणपत्रमा उल्लेख गरेको देखिँदा तत्कालीन मुलुकी ऐनअनुसार केटा र केटी दुवै १८ वर्ष उमेर नपुगी विवाह गर्न नहुने तथा विवाह दर्ता समेत गर्न नसकिने भन्ने कानूनी व्यवस्थाको विपरीत समेत विवाह दर्ता भएको देखिँदा तत्कालीन कानूनी व्यवस्थाले विवाह गर्न वर्जित गरेको अवस्थाकी यी वादीद्वारा गरिएको विवाह दर्तालाई वैधानिक विवाह दर्ता हो भनी मान्न मिल्ने अवस्था समेत देखिँदैन। कानूनले नै विवाह गर्न अनुमति नदिएको अवस्थामा गरेको विवाह दर्तालाई वैधानिकता प्राप्त भएको भनी मान्न मिल्ने अवस्थासमेत देखिएन।

३३. वादीले फिरादसाथ पेस गरेको परोपकार प्रसुतिगृह तथा महिला अस्पतालबाट जारी भएको दर्ता नं.११९७२ मिति 16 MARCH 2012 को छोरी प्रसना के.सी. को जन्मदर्ता प्रमाणपत्रमा बालक प्रसना के.सी.को बाबुको नाम प्रदीप के.सी.,आमा सलिना के.सी. र जन्म मिति २०६०।७।१३ (30 OCT 2003) उल्लेख भएको देखिन्छ भने उक्त परोपकार प्रसुतिगृह तथा महिला अस्पतालको CONFINEMENT BOOK मा आमाको नाम सलिना के.सी. र बुबाको नाम प्रदिप मल्ल भनी उल्लेख गरेको र मिति २०६८।१२।०३ मा उक्त CONFINEMENT BOOK को उक्त महलमा पछि थप गरी **"बुबालाई पनि आमाको CASTE मा लगेकाले र बुबा के.सी. भएकाले निवेदन दिएको आधारमा के.सी.बाट CERTIFICATE दिएको"** भनी विवरण थप गरी सच्याएको देखिन्छ। तसर्थ प्रसुति गृहको जन्मदर्ता प्रमाणपत्र र बच्चा जन्मिँदा राखिएको CONFINEMENT BOOK को अभिलेख स्वभाविक प्रकृतिको नभई अभिलेख विरोधाभाषपूर्ण, देखिएको, केरमेट गरी कतिपय विवरण

पछि थपी रेकर्ड सच्याइएको देखिएकाले उक्त थप गरिएको रेकर्डले विश्वसनीयता ग्रहण गर्ने अवस्था देखिएन। सो देखिनाले प्रसना के.सी.को बुबा प्रदिप के.सी कि प्रदिप मल्ल भन्ने विरोधाभाषपूर्ण अवस्था सिर्जना भएको कारणले उक्त प्रमाणका आधारमा सलिना मल्लको पति तथा प्रसना के.सी.को बाबु प्रतिवादी प्रदिप के.सी. नै हो भनी निष्कर्षमा पुग्न सकिने बलियो आधार समेत प्रदान गरेको देखिएन।

३४. प्रत्यर्थी वादी सलिना मल्लले फिराद दर्ता गर्दा फिरादपत्रमा छोरी प्रसना के.सी. भनी उल्लेख गरेकोमा प्रत्यर्थी वादीले मिति २०७९।१२।०६ मा यस अदालतमा थप प्रमाण पेस गर्दा छोरीको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेको देखियो। छोरी प्रसना के.सी.को जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि मिति २०७९।०३।०१ मा लिएको र मिति २०७९।०३।०२ मा नुवाकोट जिल्ला प्रशासनबाट प्राश्रा के.सी.को नाम उल्लेख गरी नागरिकता बनाएको देखिन्छ। यसरी सुरूमा फिरादपत्र पेस गर्दा उल्लेख गरेको प्रसना के.सी. तथा परोपकार प्रसुतिगृह तथा महिला अस्पतालबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा समेत PRASANA K.C. भन्ने नाम उल्लेख भएको देखिँदा प्रत्यर्थी वादीले यस अदालतमा थप प्रमाणहरू पेस गर्दा के कुन कारणले प्रसना के.सी.को जन्मदर्ता तथा नागरिकता प्रमाणपत्रमा प्राश्रा के.सी. उल्लेख गरेको हो भन्ने कारण तथा आधार पेस गरेको समेत नदेखिँदा फिरादमा उल्लेखित प्रसना के.सी. र यस अदालतमा पेस गरेको कागजातहरूमा उल्लिखित प्राश्रा के.सी. एकै व्यक्ति हो भनी मान्ने विश्वाशिलो आधार समेत देखिएन।

३५. वादी प्रसना के.सी.को जन्मदर्ता नुवाकोट जिल्ला, साविक सामरी गा.वि.स. हाल मेघाङ गाउँपालिकाबाट मिति २०७३।०८।२४ मा गरेको देखिंदा उक्त गाउँपालिकालाई सो जन्मदर्ताको बारेमा सोधनी हुँदा च.नं.२२४ मिति २०७४।१०।१४ मा **"साविक सामरी गा.वि.स.को जन्मदर्ता ढड्डा किताबमा प्रसना के.सी. दर्ता नं. २३७, मिति २०७३।०८।२४ को जन्मदर्ता नभएको भनी"** जवाफ प्राप्त भएको देखिन्छ र जन्मदर्ता समेत सच्याइएको देखिँदा वादी प्रसना के.सीको जन्मदर्ताको कागज नै आधिकारिक रूपमा जारी भएको भन्ने पुष्टि भएको देखिएन। आधिकारिक रूपमा सरकारी निकायबाट सिर्जना नभएको कागजातलाई प्रमाणग्राह्य आधारको रूपमा समेत लिन मिल्ने अवस्था देखिएन।

३६. अब प्रस्तुत मुद्दामा अन्तरनिहित विवाद सम्बन्धी केही नजिर र सिद्धान्तको सम्बन्धमा विवेचना गरौं। प्रत्यर्थी वादीका तर्फबाट उपस्थित कानून व्यवसायीहरूले बहसका क्रममा पेस गरेको प्रकाश राज वि. प्रदिपराज पाण्डे भएको ०७२-CI-१९३५ को अंशचलन मुद्दामा यस अदालतबाट **"DNA जस्तो विज्ञानमा आधारित प्रमाणलाई समेत न्यायकर्ताले मिसिल प्रमाणको समग्रतामा हेरी आफैंमा न्यायिक निर्णयको एकल र पूर्ण कडीका रूपमा नलिने र मुद्दाको तथ्य वा अन्य प्रमाणबाट समर्थित भएको हदसम्म मात्र प्रमाणग्राह्य हुने (SUPPORTIVE OR CORROBORATIVE) प्रमाणका रूपमा लिनुपर्ने"** भन्ने नजिर प्रतिपादन भएको देखिन्छ। वादी सलिना मल्लले प्रतिवादी प्रदिप के.सी.सँग विवाह भएको र निजको सम्बन्धबाट छोरी प्रसना के.सी.को जन्म भएको हो भनी अन्य मिसिल संलग्न तथ्य वा प्रमाणहरूबाट समेत पुष्टि गराउन सकेको देखिँदैन। प्रतिवादीसँग विवाह भएको र निजकै सन्तान प्रसना के.सी. हो भन्ने अन्य प्रमाणबाट निर्विवाद रूपमा पुष्टि गर्न सकेको अवस्था छैन। सोही मुद्दामा **DNA परीक्षणका सम्बन्धमा विशेषज्ञले दिएको रायलाई निर्णायक प्रमाणको रूपमा नलिई केवल विशेषज्ञको राय (OPINION) का रूपमा मात्र लिनुपर्ने तथा न्यायकर्ताका लागि उक्त विशेषज्ञको राय निश्चयात्मक हुन सक्दैन। मुद्दाको तथ्य, सन्दर्भ र अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा बाहेक यस्तो रायलाई निश्चयात्मक प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन"** भनी व्याख्या भएको समेत देखियो।

३७. प्रस्तुत सिद्धान्तको आलोकमा हेर्दा वादीले प्रतिवादीसँग विवाह भएको, विवाह दर्ता गरेको, बच्चाको जन्म दर्ता गराएको, विवाहपछि प्रतिवादीको घर ठेगानाबाट नागरिकता लिएको आदि विश्वासिलो आधार र प्रमाण पेस गर्न नसकेको अवस्थामा DNA जस्तो वैज्ञानिक परीक्षणबाट देखिएको निष्कर्षलाई पितृत्व निर्धारणको आधार हुन सक्दैन भन्न न्यायोचित हुने देखिँदैन। गुणहरुले नै मिल्न नसकेको DNA प्रतिवेदनबाहेकका अन्य आधार तथा प्रमाणहरूबाट प्रतिवादी प्रदिप के.सी. र सलिना मल्लबीचको नाताकायम गर्न र छोरी प्रसना के.सी.को बाबु प्रदिप के.सी. हो भनी निष्कर्षमा पुग्न निर्विवाद, आधिकारिक, एकरूपतापूर्ण र विश्वासप्रद प्रमाणहरू पेश गरिएको हुनुपर्दछ। त्यस्ता प्रमाणको अभाव भए पनि गुणहरु मिल्न नसकेको DNA परीक्षण प्रतिवेदनलाई प्रमाणमा लिई बिनाआधार नाता कायम गर्नु पर्छ भनी

उक्त नजिरको गलत अर्थ लगाई प्रयोग गर्न मिल्ने देखिँदैन। सोही मुद्दामा **"शिशुको पिता पहिचान गर्न सक्ने सबैभन्दा भरपर्दो एवम् विश्वसनीय श्रोत आमा स्वयम् हुने हुँदा निजको कथनलाई महत्त्वपूर्ण प्रमाणको रूपमा हेर्नुपर्ने हुन्छ। यस क्रममा आमाको कथनमा स्थिरता र एक रूपता (CONSISTENCY) भए नभएको, निजको अभिव्यक्ति मिसिलबाट देखिने तथ्य, परिस्थिति र अन्य प्रमाणबाट समर्थित भए नभएको वा स्वाभाविक र तर्कसंगत भए नभएका जस्ता पक्षबाट सत्यापन परीक्षण गरेर मात्र प्रमाणमा ग्रहण गरिनु पर्ने आवश्यकतालाई भने इन्कार गर्न सकिँदैन"** भनी व्याख्या गरिएको समेत देखिन्छ। सन्तानलाई जन्म दिने आमा भएकाले आमा नै उक्त बच्चा पहिचानको पहिलो र भरपर्दो स्रोतको रूपमा लिने गरिन्छ। बच्चा कसबाट जन्मिएको हो, कोसँग निजको शारीरिक सम्बन्ध रहेको थियो वा निजले विश्वास गरेको व्यक्ति कोहो भन्ने सम्बन्धमा निजको अभिव्यक्ति नै भरपर्दो हुने र त्यसलाई स्वीकार गर्नु पर्ने धारणा रहँदै आएको छ। तर निजको भनाइको स्थिरता, सत्यता भने पुष्टि हुनु पर्ने हुन्छ। त्यस्तो सत्यता पुष्टि गर्नका लागि प्रमाणको प्रचुरता आवश्यक हुन्छ। देवानी मुद्दामा प्रमाणको प्रचुरताले मुद्दालाई निर्णायक विन्दुमा पुर्याउन सहयोग गर्दछ। आमाले जन्म दिएको बच्चाको सन्दर्भमा पितृत्वको विश्वासिलो आधार प्रमाण आमाले नै दिने हो। निजले दिएको आधार विश्वासिलो भएमा अन्य प्रमाणको जरूरत समेत नपर्ने अवस्था सिर्जना हुन्छ। विश्वास सिर्जना गर्न नसकेमा अन्य प्रमाणको पनि भर पर्नु पर्ने हुन्छ। बच्चाको पितृत्वको निर्धारणका लागि अन्य प्रमाण विश्वासयोग्य नभएको अवस्थामा आमाको भनाइलाई थप पुष्टि गर्न वैज्ञानिक विधि र प्रविधिको सहयोग लिनु पर्ने र वैज्ञानिक आधार प्रदान गर्ने आधुनिक विधि DNA गुण परीक्षण गर्ने विधि भएकाले यसलाई प्रयोग गर्नु पर्ने र विश्वास गर्नु पर्ने यथार्थता रहेको छ र यो अहिले सम्मकै वैज्ञानिक विधिमा आधारित रहेको पुष्टि समेत हुँदै आएको छ।

३८. प्रस्तुत मुद्दामा वादी सलिना के.सी.ले भनेका तथ्य र विवरणमा एकरूपता छैन, सरकारी कार्यालयमा रहेको अन्य लिखत, सक्कल कागज र प्रतिलिपिबीच विवरणात्मक भिन्नता देखिन्छ। निजको भनाई स्थिर र एकरूपतापूर्ण ( Stable and consistent) नभई धेरै ठाउँमा विरोधाभाष देखिएको कारण आमाको भनाई र निजले पेश गरेका अन्य प्रमाण नाता सम्बन्धमा निष्कर्षमा पुग्नको लागि न्यायकर्तालाई

सहयोग गर्ने प्रकृतिको विश्वासप्रद नभएको कारणले नै शुरू काठमाडौं जिल्ला अदालत र यस अदालतले समेत पक्षहरूकै मागको आधारमा DNA परीक्षण गराउने आदेश गरेको पाइन्छ। अदालतको आदेशबमोजिम दुईदुई पटक गरिएको परीक्षणबाट समेत एउटै नतिजा प्राप्त भएको अवस्थामा त्यस्तो प्रमाणलाई प्रमाण अग्राह्य भनी बाहेक गर्न न्यायोचित र प्रमाण कानूनको मर्म अनुकूल हुने देखिँदैन।

३९. प्रत्यर्थी वादीका तर्फका विद्वान कानून व्यवसायीहरूले बहसका क्रममा पेस गरेको अर्को नजिर ने.का.प. २०४५ नि.नं. ३३४७ मा प्रकाशित झुम्थुर पूर्विया रौतार थारू बिरूद्ध सवुतरी थरूनी भएको अंश नामसारी मुद्दामा यस अदालतले **"नागरिकताको प्रमाणपत्र व्यक्तिगत कागज नभई सरकारीया प्रमाणपत्र भएको यदि सो कागज मुद्दा परिसकेपछि प्रमाण खडा गर्न बनाएको भए नातातर्फ बयान गर्दा प्रमाणमा दिएपछि सो बयान सुनी बयान गर्ने प्रतिवादीले सोउपर कानूनबमोजिम उजूर गरी बदर गराउनु पर्ने सो गराएको प्रमाण नआएकोले अन्यथा सावित नभएसम्म सो प्रमाणलाई मान्यता दिन पर्ने"** भनी प्रतिपादित कानूनी सिद्धान्त प्रस्तुत गर्नु भएको छ। प्रस्तुत मुद्दामा वादीको नागरिकताको प्रमाणपत्र माइतीबाट लिएको देखिएको, त्यसमा वैवाहिक स्थिति र पतिको नाम पनि उल्लेख हुन नसकेको अवस्थामा त्यस्तो नागरिकताको प्रमाणपत्र नाता कायमको लागि प्रमाणिक आधार बन्न नसकेको अवस्थामा त्यस्तो नागरिकताको प्रमाणपत्र नाता कायम गर्नको लागि प्रमाणिक आधार बन्न नसक्ने हुँदा फरक तथ्य र प्रसङ्गमा प्रतिपादित उक्त नजिर समेत प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने देखिएन।

४०. अब प्रतिवादीको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूले बहसका क्रममा तथा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति दिँदा उल्लिखित ने.का.प. २०७१ अंक ११ नि.नं. ९२९४ मा प्रकाशित बद्रीप्रसाद प्रसाई विरूद्ध राधिका माझी भएको नाताकायम मुद्दामा **"मातृत्व र पितृत्वको निर्धारणको लागि DNA को परीक्षण भरपर्दो आधार बन्न सक्ने कुरामा दुई मत नहुने"** भन्ने न्यायिक सिद्धान्त प्रतिपादन भएको कुरा प्रस्तुत गर्नु भएको छ। प्रतिवादीले सुरू अदालतमा DNA परीक्षण गरिपाऊँ भन्ने जिकिर लिएको र अदालतको आदेशबमोजिम DNA परीक्षण गर्दा प्रतिवादी प्रदिप के.सी. र वादी प्रसना के.सी. बीच ७ वटा भन्दा बढी गुण भिन्नता देखिएको भन्ने परीक्षण प्रतिवेदन रहेको तथा सर्वोच्च अदालतको

आदेशबमोजिम गठित ३ सदस्यीय बोर्डबाट DNA परीक्षण गर्दा समेत ११ वटा भन्दा बढी DNA गुण भिन्नता देखिएकोले प्रतिवादी प्रदिप के.सी वादी प्रसना के.सी. को जैविक बाबु होइन भनी परीक्षण प्रतिवेदन दिएको देखिन्छ। अन्य विश्वसनीय प्रमाण नभएमा DNA परीक्षण गरी मातृत्व तथा पितृत्व निर्धारण गर्ने हाल विश्वमा प्रचलित मान्यता रहेको देखिन्छ। आनुवंशिक परीक्षण (DNA TESTING) प्रविधिले पितृत्वको निर्धारण अनुमानका आधारमा वा आमाको भनाई वा अन्य अप्रत्यक्ष प्रमाणका आधारमा निर्धारण गरिनुपर्ने भन्ने परम्परागत मान्यतालाई खण्डित गरेको छ। यस प्रसङ्गमा एक विद्वानको धारणा उद्धृत गर्न यहाँनेर वाञ्छनीय देखियो। "**DNA परीक्षण प्रविधिद्वारा दुई वा सो भन्दा बढी व्यक्तिको आनुवंशिक परीक्षण गरी त्यस्तो परीक्षणमा मिल्न जाने गुण वा विशेषताका आधारमा कुनै पनि व्यक्तिको जैविक बाबुको पहिचान गर्न सकिने हुँदा यो प्रविधिको विकाससँगै अब पितृत्वको निर्धारण पनि मातृत्वको निर्धारण जस्तै एकिन र निश्चयात्मक भएको र पितृत्वको निर्धारण अनुमानका आधारमा गर्नु नपर्ने**[1] भनी धारणा व्यक्त गरेको पाइन्छ। सुरू जिल्ला अदालतले DNA परीक्षण गर्ने आदेश गरेको तथा यस अदालतले समेत विश्वसनीय तवरले नमुना निकाली वादी प्रतिवादीको सहमतिमा ३ जना विशेषज्ञको बोर्डबाटै DNA परीक्षण गराउन आदेश दिएको देखिन्छ। बच्चाको सन्दर्भमा "**आमा सत्य हो र बाबु विश्वास हो**" (MATERNITY IS A MATTER OF FACT WHEREAS THE PATERNITY IS A MATTER OF ASSUMPTION) भन्ने परम्परागत कथनलाई आधुनिक विज्ञान र प्रविधिको विकासले उक्त कथन अवैज्ञानिक र भ्रम फैलाउने समाजको मनोगत विश्वासमा आधारित रहेको पुष्टि गरिसकेको छ। DNA गुण परीक्षण पद्धतिबाट पितृत्व (PATERNITY) निर्धारण गर्ने हालसम्मको सबैभन्दा प्रमाणिक, वास्तविक एवं यथार्थ (ACCURATE) वैज्ञानिक पद्धतिको रूपमा स्वीकार गरिएको छ भने यसको प्रमाणिकता लगभग शतप्रतिशत (९९.९ %) रहेको मानिएको छ। साथै योग्य र तालिमप्राप्त कुशल विशेषज्ञबाट परीक्षण गरिएमा तथा परीक्षण विधि र PROFILE को तुलना गर्दा कुनै त्रुटि नगरी निष्कर्ष निकालेको खण्डमा DNA परीक्षण पद्धति हालसम्म उपलब्ध पद्धतिहरूमध्ये पितृत्व निर्धारणमा सबैभन्दा बढी यथार्थ (ACCURATE) रहेको मानिएको छ।

[1] D.H. Kaye,'DNA Paternity Probabilities', Family Law Quarterly, Fall 1990, Vol. 24, No. 3, pp. 279-304.

प्रस्तुत मुद्दामा समेत प्रतिवादी प्रदिप के.सी. र वादी सलिना मल्लको सहमतिमा विशेष सावधानी अपनाएर वादी प्रसना के.सी. र प्रतिवादी प्रदिप के.सी.को DNA परीक्षणको लागि नमुना निकाली ३ ज़ना विशेषज्ञहरूको संलग्नतामा परीक्षण गर्दा आएको नतिजालाई विश्वासिलो मान्नु पर्ने देखियो। यसरी दुईदुई पटकसम्म DNA परीक्षण गर्दा पनि एउटै नतिजा आउनाले वादी सलिना मल्लले जन्म दिएकी छोरी प्रसना के.सी. को जैविक बाबु प्रतिवादी प्रदिप के.सी. होइन भन्ने आधार DNA परीक्षण नतिजाले पुष्टि गरेको देखिन्छ। विशेषज्ञको रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम अदालतले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। दुईदुई पटकसम्म परीक्षण गरी निकालिएको र हालसम्मको सर्वमान्य DNA जस्तो वैज्ञानिक परीक्षणको आधारमा विशेषज्ञले दिएको रायलाई त्यस्तै वैज्ञानिक परीक्षण गर्ने विशेषज्ञको अन्यथा राय भएमा मात्र खण्डन गर्न सकिने हुन्छ। प्रस्तुत मुद्दामा DNA परीक्षण गर्ने विशेषज्ञ सुरु अदालतमा उपस्थित भई बकपत्र गरेको र परीक्षणको नतिजा नै समर्थित हुने गरी धारणा व्यक्त गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा २३ र ५२ बमोजिम DNA परीक्षण प्रतिवेदन पूर्णत प्रमाणग्राह्य रहेको र त्यसलाई बाहेक गरी न्यायिक निष्कर्षमा जानु कानूनसम्मत एवम् प्रमाणसम्मत हुने देखिएन।

४१. प्रतिवादीले वादीहरूसँगको नातालाई इन्कार गरेको, स्थानीय तहबाट सिर्जना गरिएका विवाहदर्ता, जन्मदर्ता, प्रसुति गृहका कागज विरोधाभाषपूर्ण रहेको, दुई पटकसम्म DNA परीक्षण गर्दा समेत वादी र प्रतिवादीबीच ११ वटा भन्दा बढी गुण भिन्नता रहेको भन्ने प्रतिवेदन रहेको, वैज्ञानिक विधि प्रयोग गरेर गरिएको DNA परीक्षणलाई पन्छाएर शंकास्पद कथन र विवादास्पद कागजातको आधारमा पितृत्व निर्धारण गरी वादी र प्रतिवादीबीचको सम्बन्धबाट छोरी प्रसना के.सी.को जन्म भएको भनी नाताकायम गरी अंशसमेत प्रतिवादीबाट वादीले पाउने ठहऱ्याई गरेको सुरू र उच्च अदालतको फैसला कानूनसम्मत एवम् न्यायोचित नदेखिँदा त्यस्तो त्रुटिपूर्ण फैसला उल्टी गर्नु पर्ने हुन आयो।

४२. तसर्थ, माथि विवेचित आधार कारण, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा वादी प्रतिवादीबीच नाता कायम भई ६ भागको २ भाग अंशहक वादीले प्रतिवादी प्रदिप के.सी.बाट पाउने ठहराएको सुरू काठमाडौं जिल्ला

अदालतको मिति २०७४।१२।२९ मा भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७५।१२।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम सुरू तथा उच्च अदालत पाटनको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकाले प्रतिवादी प्रदिप के.सी.बाट ६ भागको २ भाग अंश वादीहरूले पाउने गरी राखिएको लगत कट्टा गरी प्रतिवादीको रोक्का भएका जग्गाहरू फुकुवा गरिदिनू भनी काठमाडौं जिल्ला अदालतलाई लेखी पठाउनू ।

२. माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीहरूको माग दाबीबमोजिम ६ भागको २ भाग अंश पाउने ठहराई काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहराएको उच्च अदालत पाटनबाट भएको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरेकोले वादीहरूले सुरू जिल्ला अदालतमा फिराद गर्दा राखेको कोर्ट फि (अदालती शुल्क) सदरस्याहा गर्नु तथा प्रतिवादीहरूमध्ये प्रदिप के.सी.ले उच्च अदालत पाटनमा पुनरावेदन दर्ता गर्दा र.नं. ६८४० मिति २०७५।०५।३१ मा सुरू कोर्ट फि(अदालती शुल्क) को १५ प्रतिशत कोर्ट फि (अदालती शुल्क) बापत रू. १८६६।- र यस अदालतमा मुद्दा दोहोर्‍याउने अनुमति प्राप्त भई र.नं. १३८२५३ बाट मिति २०७६।०९।२७ मा राखेको अदालती शुल्कको १० प्रतिशत रू. १२४३।६० गरी जम्मा रू. ३१०९।६० (तीन हजार एकसय नौ रूपैया साठी पैसा मात्र) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३(७) बमोजिम प्रत्यर्थी वादीबाट भराई पाउने हुँदा निवेदन परे कानूनबमोजिम भराई दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतलाई लगत दिनू।

३. उच्च अदालत पाटनमा पुनरावेदन गर्दा अदालती शुल्कबापत प्रतिवादीमध्ये प्रदिप के.सी.ले र.नं.२५१ मिति २०७५।०५।३१ मा रू. ३,१०९।- र बुझिएका जयन्ती के.सी. समेतले र.नं. ४३७ मिति २०७५।०७।२८ मा रू.९३२७।- समेत जम्मा रू. १२,४३६(बाह्र हजार चार सय छत्तीस रूपैया) धरौटी राखेको देखिँदा उक्त धरौटी रकम फिर्ता पाऊँ भनी पुनरावेदक

प्रतिवादीहरूले कानूनका म्यादभित्र दरखास्त दिएमा उक्त धरौटी रकम प्रतिवादीहरूलाई फिर्ता दिनु भनी उच्च अदालत पाटनको लेखा शाखालाई लेखी पठाइदिनू।

४. सरोकारवालाले फैसलाको प्रतिलिपि पाऊँ भनी रीतपूर्वकको निवेदन पेश गरी माग गरेमा नियमबमोजिम प्रतिलिपि उपलब्ध गराइ दिनू ।

५. प्रस्तुत मुद्दाको दायरीको लगतकट्टा गरी, फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू । –

टेकप्रसाद ढुङ्गाना
न्यायाधीश

उक्त रायमा म सहमत छु।

विनोद शर्मा
न्यायाधीश

इजलास अधिकृतः राजनप्रसाद सुवेदी
कम्प्युटर अपरेटरः राधिका घोरासाइने
इति सम्वत् २०८१ साल मंसिर १६ गते रोज १ शुभम् ..........................................।